# लुम्बिनी विकास बैंक लि.

॥

॥

॥

## चौधौं वार्षिक साधारण सभाको

॥

॥

॥

## निर्णय विवरण (माइन्यूट)

॥

॥

॥

२०७८ पौष ९ गते

# लुम्बिनी विकास बैंक लि.

**चौधौं वार्षिक साधारण सभाको**

**निर्णय विवरण (माइन्यूट)**

१. **प्रारम्भिक :**

यस लुम्बिनी विकास बैंक लि. को मिति २०७८ मंसिर १६ गते बसेको सञ्चालक समितिको ४११ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बोलाईएको चौधौं बार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष तथा साधारण सभाका सभापति श्री दशरथ रिसालज्यूले पानसमा दीप प्रज्वलन गरि समुद्घाटन गर्नुभयो । उक्त सभा सम्बन्धी विस्तृत विवरणहरु तपसिल बमोजिम रहेका छन ।

वार्षिक साधारण सभा सम्पन्न भएको

मिति : २०७८ पौष ९ गते, शुक्रवार ( २४ डिसेम्बर २०२१ )

स्थान : केन्द्रीय कार्यालय, डिल्लीबजार, काठमाण्डौ

समय : बिहान ११:१५ बजे देखि

(विश्वभर फैलिएको कोभिड-१९को महामारी र सोको नयाँ भेरियन्ट समेतको कारण नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी शेयरधनीहरुलाई साधारण सभामा प्रवेश गराउनु पर्ने भएकोले शेयरधनीहरुको उपस्थितीको लागि Virtual माध्यम मार्फत सभामा सहभागी हुने व्यवस्था मिलाईएको थियो । )

२. उपस्थिति :

**(क) सञ्चालकहरु :**

१. श्री दशरथ रिसाल - अध्यक्ष (संस्थापक शेयरधनीको तर्फबाट)
२. श्री चिन्तामणी भट्टराई - सञ्चालक (संस्थापक शेयरधनीको तर्फबाट)
३. श्री केंशब खतिवडा - सञ्चालक (संस्थापक शेयरधनीको तर्फबाट)
४. श्री प्रविण कृष्ण श्रेष्ठ - सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट)
५. श्री प्रताप कुमार आचार्य - सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट)
६. श्री रामचन्द्र सिग्देल - सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट)
७. श्री अंजु कुमारी गुप्ता - सञ्चालक (स्वतन्त्र)

**(ख) कर्मचारी पदाधिकारीहरु**

१. श्री नरेश सिंह बोहरा - प्रमुख कार्यकारी अधिकृत
२. श्री पवन ढकाल - बरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत
३. श्री उमेश रेग्मी - नायव प्रमुख कार्यकारी अधिकृत
४. श्री हरि कृष्ण सुवेदी - मुख्य प्रवन्धक/कम्पनी सचिव
५. श्री दिपक खनाल - मुख्य प्रवन्धक
६. श्री नवराज भण्डारी - प्रमुख लेखा विभाग

(ग) उपस्थित शेयरधनीहरुको विवरण :

| विवरण | संस्थापक | | सर्वसाधारण | | कुल |
|---|---|---|---|---|---|
| | स्वयं तथा Zoom मार्फत उपस्थिति | प्रतिनिधि मार्फत | स्वयं तथा Zoom मार्फत उपस्थिति | प्रतिनिधि मार्फत | |
| **शेयरधनी संख्या** | ५ | १५९ | १६० | १५२ | ४७६ |
| **शेयर संख्या** | १,२८,२५,२४४ | | २५,४८,६६४ | | १,५३,७३,९०८ |

३. **सभाको बैधानिकता :**

(क) **सभाको बारेमा सार्वजनिक सूचना :**

यस विकास बैंकको चौधौं वार्षिक साधारण सभा शुरु हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार सभाका सभापति श्री दशरथ रिसालज्यूको आज्ञाले कम्पनी सचिवले उपस्थित शेयरधनीहरु समक्ष देहायका विवरणहरु प्रस्तुत गर्नुभयो ।

१. लुम्बिनी विकास बैंकको चौधौं वार्षिक साधारण सभाको सभा हुने मिति, स्थान, समय र छलफलका विषय बारेको पहिलो सूचना साधारण सभा हुनु भन्दा २१ दिन अगावै शेयरधनीहरुको जानकारीको लागि मिति २०७८ मंसिर १७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक तथा दोश्रो पटक मिति २०७८ मंसिर २४ गतेको कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

२. कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था वमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका विषयहरु उपर छलफल गर्न आज मिति २०७८ पौष ९ गते शुक्रबार सम्पन्न चौधौं वार्षिक साधारण सभामा स्वयं तथा प्रोक्सी मार्फत विकास बैंकको बाँडफाँड भएको कुल शेयर संख्याको ५२% भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी उपस्थिती जनाई सकेको हुँदा साधारण सभा बैधानिक भएको व्यहोरा कम्पनी सचिवद्वारा साधारण सभामा जानकारी गराईएको थियो ।

(ख) **गणपुरक संख्या :**

विकास बैंकको शेयरधनी कायम भएका शेयरधनीहरु तथा उनीहरुले लिएको साधारण शेयरको विवरण देहाय वमोजिम रहेको थियो ।

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| कुल संख्या | शेयरधनी | ३६१ | ५०,७६७ | ५१,१२८ |
| | शेयर | १,४८,२४,९८९.४८ | १,४२,३९,५४५.९८ | २,९०,६४,५३५.४६ |

कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा सञ्चालनको लागि आवश्यक गणपुरक संख्या (बैंकका शेयरधनीहरुको स्वयं, Zoom मार्फत तथा प्रतिनिधि मार्फत भएको उपस्थिती एवं उपस्थित शेयरधनीहरुले ग्रहण गरेको साधारण शेयरहरुको संख्या) देहाय बमोजिम रहेको थियो ।

| शेयर तथा शेयरधनी | जम्मा शेयर | स्वयं तथा Zoom मार्फत उपस्थिति | प्रतिनिधि मार्फत | जम्मा उपस्थिति | कुल उपस्थिति प्रतिशतमा |
|---|---|---|---|---|---|
| **शेयर** | २,९०,६४,५३५.४६ | १२,९६,३४८ | १,४०,७६,४९१ | १,५३,७२,८३८ | ५२.९०% |
| **शेयरधनी** | ५१,१२८ | १६५ | ३११ | ४७६ | |

शेयरधनीहरुको उपस्थिति विवरणको जानकारी दिंदै प्रचलित कानून बमोजिम बोलाईएको चौधौं वार्षिक साधारण सभामा बैंकको नियमावलीको प्रावधान र कम्पनी ऐन, २०६३ को दफा ७३ (२) को गणपुरक सम्बन्धी प्रावधान वमोजिम यस चौधौं वार्षिक साधारण सभामा पेश गरिएका प्रस्तावहरुमा निर्णय लिन समेत आवश्यक गणपुरक संख्या पुगेको हुँदा सभापतिज्यूले सभा शुभारम्भ गर्नुभयो ।

**४. सभाको सभापतित्व :**

वार्षिक साधारण सभा सञ्चालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री दशरथ रिसालज्यूले चौधौं वार्षिक साधारण सभाको सभापतित्व गर्नुभयो । तत्पश्चात उपस्थित/सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै छलफलका लागि तय गरिएका विषयहरु अनुसार साधारण सभाको कार्यक्रम अगाडि बढाउनु भयो ।

**५. छलफलका लागि प्रस्तावहरुको प्रस्तुति :**

चौधौं वार्षिक साधारण सभाका सभापति एवं लुम्बिनी विकास बैंक सञ्चालक समितिका अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन लगायत अन्य सामान्य तथा विशेष प्रस्तावहरु समेत साधारण सभामा पेश गर्नुभयो । आ.व. २०७७/७८ मा विकास बैंकले सन्तोषजनक प्रगति हासिल गर्न सफल भएको उल्लेख गर्दै विकास बैंकको भावी रणनीति बारे सभामा जानकारी गराउनुभयो । साथै, विकास बैंकको प्रगतिको लागि बैंक व्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिनुभयो ।

तत्पश्चात अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिव हरिकृष्ण सुवेदीले साधारण सभाबाट पारित गर्नुपर्ने प्रस्तावहरु सभा समक्ष निम्न अनुसार बुँदागत रुपमा पेश गर्नुभयो ।

**छलफलका बिषयहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१) आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण तथा सम्वन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन २०६३ को दफा १११ वमोजिम आ.व.२०७८/७९ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७७/७८ को मुनाफा तथा संचित मुनाफा रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजीको ०.६८४२% ले हुन आउने नगद लाभांश रु १,९८,८५,९५५.१९ (अक्षरेपी एक करोड अण्ठान्नव्वे लाख पचासी हजार नौ सय पचपन्न रुपैया र पैसा उन्नाईस मात्र ।) वोनश शेयरमा लाग्ने कर प्रयोजनार्थ वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७७/७८ को मुनाफा तथा संचित मुनाफा रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजीको १३% ले हुन आउने रु ३७,७८,३८,९६१.४४ (अक्षरेपी सैंतीस करोड अठहत्तर लाख अड्तीस हजार नौ सय एकसट्ठी रुपैंया र पैसा चवालीस मात्र) बराबरको वोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२) विकास बैंकको जारी तथा चुक्ता पूँजी रु.२,९०,६४,५३,५४९.५५ (अक्षरेपी दुई अर्ब नब्बे करोड चौंसट्ठी लाख त्रिपन्न हजार पाँचसय उनान्पचास रुपैंया र पैसा पचपन्न मात्र) रहेकोमा वोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु.३,२८,४२,९२,५१०.९९ (अक्षरेपी तीन अर्ब अट्ठाईस करोड वयालीस लाख वयान्नव्वे हजार पाँच सय दश रुपैंया र पैसा उनान्सय मात्र) पुऱ्याउने विशेष प्रस्ताव पारित गर्ने ।

३) वोनस शेयर जारी पछि कायम हुने जारी र चुक्ता पूँजी वमोजिम यस विकास बैंकको प्रवन्धपत्रको दफा ५ को (ख) र (ग) मा तथा दफा ७ को (ङ) साथै नियमावलीको नियम ५ मा आवश्यक संशोधन गर्ने । यस सम्बन्धमा नियमनकारी निकायहरुवाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

४) यस विकास बैंक अन्य कुनै बैंक तथा वित्तीय संस्थामा गाभ्ने/गाभिने वा एक्विजिसन (प्राप्ती) सम्बन्धी उपयुक्त प्रस्ताव आएमा सो कार्यका लागि समझदारीपत्रमा हस्ताक्षर गर्न, सम्पत्ति दायित्व तथा कारोबारको मूल्याङ्कनकर्ता नियुक्त गर्न तथा निजको पारिश्रमिक निर्धारण गर्न लगायत अन्य सम्पुर्ण प्रकियाहरु पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध:**

विविध अर्न्तगत कुनै प्रस्ताव नरहेको ।

**६. छलफलको लागि आह्वान :**

तत्पश्चात चौधौं वार्षिक साधारण सभामा छलफलको लागि तय गरिएका निर्धारित प्रस्तावहरुको विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए बमोजिम प्रस्तावहरु उपर छलफलका लागि आ-आफ्नो विचार, मन्तव्य, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई छलफलमा सहभागी हुन अध्यक्षज्यूबाट अनुरोध भयो ।

**७. छलफलमा सहभागी हुने शेयरधनीहरु :**

साधारण सभामा प्रस्तुत विषय उपर छलफलका लागि अध्यक्षज्यूबाट अनुरोध भए पश्चात् देहायका शेयरधनी महानुभावहरुले छलफलमा सहभागी भई आ-आफ्नो विचार, मन्तव्य, जिज्ञासा तथा सुझावहरु राख्नु भएको थियो ।

१. श्री चन्द्र नारायण श्रेष्ठ

२. श्री भक्ति प्रसाद उप्रेती

३. श्री राम गोपाल महर्जन

४. श्री अशोक उप्रेती (लिखित मन्तव्य)

५ श्री कृष्ण प्रसाद अधिकारी (लिखित मन्तव्य)

८. छलफलमा सहभागी शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएका मन्तव्य, जिज्ञासा तथा सुझावहरुको संक्षिप्त विवरण :

**१. श्री चन्द्र नारायण श्रेष्ठ**

- लुम्बिनी विकास बैंकको चौधौं वार्षिक साधारण सभामा अनलाईन मार्फत सहभागिता हुन पाउँदा खुशी लागेको छ ।
- कोभिड -१९ को असहज परिस्थितीमा समेत १३.६८४२% लाभांशको लागि धन्यवाद ।
- हालको असहज अवस्थामा कर्जा तथा निक्षेपको बृद्धि सन्तोषजनक छ ।
- विकास बैंकले तय गरेका आगामी कार्ययोजनाहरुको सफल कार्यान्वयन गर्नुहुन ।
- संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत गरेका खर्चहरुको विवरण प्रतिवेदनमा राख्नहुन ।
- वार्षिक साधारण सभाको सफलताको शुभकामना ।

**२. श्री भक्ति प्रसाद उप्रेती**

- लुम्बिनी विकास बैंकको चौधौं वार्षिक साधारण सभा समयमै भएकोमा खुशी लागेको छ ।
- कोभिड -१९ को असहज परिस्थितीमा लुम्बिनी विकास बैंकले प्रदान गरेको लाभांशको लागि धन्यवाद ।
- हालको असहज अवस्थामा कर्जा तथा निक्षेपको बृद्धि सन्तोषजनक छ ।
- लेखापरीक्षको शुल्क वारेमा जिज्ञासा व्यक्त गर्नु भयो ।
- वार्षिक प्रतिवेदन नेपालीमा छाप्नुपर्ने सुझाव दिनु भयो ।
- वार्षिक साधारण सभाको सफलताको शुभकामना ।

**३. श्री राम गोपाल महर्जन**

- कोभिड -१९ को असहज परिस्थितीमा समेत समयमै साधारण सभा सम्पन्न गरेकोमा बधाई तथा लाभांशको लागि धन्यवाद ।
- बैंकको खुद व्याद आम्दानी बृद्धि गर्न, अन्य आयस्रोत बढाउन साथै निष्क्रिय कर्जा घटाउन सुझाव छ ।
- खर्चमा कटौती गरेको देखिन्छ । यसलाई अझै घटाउने तर्फ पहल गर्नुहुन ।
- कर्जा तथा निक्षेप बृद्धिदर अलि कम भयो यसतर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।
- वार्षिक प्रतिवेदन समयमै उपलब्ध हुने व्यवस्था गर्नुहुन ।
- यस चौधौं वार्षिक साधारण सभाको सफलताको शुभकामना ।

**४. श्री अशोक उप्रेती (लिखित मन्तव्य)**

- चौधौं वार्षिक साधारण सभाको सफलताको शुभकामना ।
- समयमै साधारण सभा गरेकोमा सञ्चालक समिति तथा कर्मचारी वर्ग सबैलाई धन्यवाद ।
- लुम्बिनी विकास बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना ।

**५ श्री कृष्ण प्रसाद अधिकारी (लिखित मन्तव्य)**

- १३.६८४२% लाभांशको लागि धन्यवाद ।
- वार्षिक प्रतिवेदन अंग्रेजीको सट्टा नेपालीमा भए राम्रो हुने थियो ।
- लुम्बिनी विकास बैंकले प्रगति गर्दै जावोस, शुभकामना छ ।

९. **मन्तव्य, जिज्ञासा तथा सुझावहरुको जवाफ :**

लुम्बिनी विकास बैंकको चौधौं वार्षिक साधारण सभामा शेयरधनीहरुबाट प्राप्त जिज्ञासा, मन्तव्य तथा राय सुझावहरुका सम्बन्धमा व्यवस्थापनसंग सम्बन्धित विषयमा अध्यक्षज्यूको अनुमतिले प्रमुख कार्यकारी अधिकृत श्री नरेश सिंह बोहराज्यूले जवाफ प्रस्तुत गर्नुभयो । ततपश्चात सञ्चालक समितिका अध्यक्ष श्री दशरथ रिसालज्यूले साधारण सभामा शेयरधनीहरुबाट प्राप्त जिज्ञासा, मन्तव्य तथा राय सुझावहरु विकास बैंकको प्रगतिको लागि महत्वपूर्ण कोशेढुङ्गा सावित हुने बताउँदै शेयरधनीहरुबाट प्राप्त अमुल्य राय सुझाव तथा टिप्पणीहरुलाई मार्गदर्शनको रुपमा लिई अगाडि बढ्ने बताउनु भयो । अध्यक्षज्यूले लुम्बिनी विकास बैंक विगतको तुलनामा सवल भई सकेकोले शेयरधनीहरुलाई निरन्तर प्रतिफल दिने बताउँदै शेयरधनीहरुवाट प्राप्त अमुल्य मन्तव्य तथा राय सुझावहरुका लागि धन्यवाद दिनुहुँदै सुधारका कार्यलाई दृढताका साथ अगाडि बढाईने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

१०. **पारित प्रस्ताव तथा निर्णयहरु :**

अध्यक्षज्यूवाट जवाफ प्रस्तुत गरे पश्चात् साधारण सभामा पूर्व सूचित छलफलका विषयहरु पारित गर्न शेयरधनीहरु समक्ष पेश गरिएका प्रस्तावहरुमा ताली बजाई पारित भएको जनाउ दिनुहुन सभापतिज्यूले अनुरोध गर्नुभयो । तत्पश्चात सभापतिज्यूको निर्देशन वमोजिम कम्पनी सचिवले साधारण तथा विशेष प्रस्तावहरु एक एक गरी क्रमैसंग साधारण सभा समक्ष पेश गरेपछि हरेक प्रस्तावमा शेयरधनीज्यूहरुवाट ताली वजाएर स्वीकृति प्रदान गर्नु भएकोले सभापतिज्यूले तपशिलमा उल्लेख भए वमोजिम पेश गरिएका सवै प्रस्तावहरु चौधौं वार्षिक साधारण सभाबाट पारित भएको जानकारी सभा समक्ष गराउनुभयो ।

**क) साधारण प्रस्ताव तर्फ :**

१) सञ्चालक समितिको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन छलफल गरि सर्वसम्मतिले पारित गरियो ।

२) लुम्बिनी विकास बैंक लि. को लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु परित गरियो ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. ०७८/७९ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने सम्बन्धमा बैंकको लेखापरीक्षण समितिमा प्राप्त प्रस्तावहरू क्रमशः श्री के.ए.एस. एसोसिएटस् चार्टर्ड एकाउण्टेण्टस्, श्री श्याम कार्की एण्ड कं. चार्टर्ड एकाउण्टेण्टस, श्री सुवाश एण्ड कं. चार्टर्ड एकाउण्टेण्टस् र श्री पि.जे.पि.एन. एण्ड कं. चार्टर्ड एकाउण्टेण्टस मध्येवाट छनौट गर्ने सन्दर्भमा विकास बैंकको लेखापरीक्षण समितिको मिति २०७८/८/१६ मा वसेको बैठकले श्री के.ए.एस. एसोसिएटस् चार्टर्ड एकाउण्टेण्टसलाई नियुक्तिको लागि सिफारिस गरेकोमा उक्त कम्पनीवाट प्रस्तावित लेखापरीक्षण शुल्क अन्यको तुलनामा न्यून रहेको, विभिन्न बैंक तथा विकास बैंकहरूको वाह्य लेखापरीक्षकको रूपमा कार्य अनुभव रहेको, एवं कम्पनीको साखः समेतको आधारमा मुल्याङ्कन गरी हेर्दा आ.ब. २०७८/७९ को लेखापरीक्षण (बाह्य लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्ग फर्म अडिट, कम्पनी ऐन २०६४ को दफा ७८ प्रमाणिकरण तथा धितोपत्र बोर्डको संस्थागत सुशासन प्रतिवेदन प्रमाणिकरण समेत) सम्पन्न गर्न लेखापरीक्षण शुल्क वापत रू ५,००,०००/- (अक्षरेपी पाँच लाख मात्र) तथा लेखापरीक्षण सम्बन्धी अन्य सम्पूर्ण खर्च वापत रू ४,७५,०००/- (अक्षरेपी चार लाख पचहत्तर हजार मात्र) गरी कुल रकम रू ९,७५,०००/- (अक्षरेपी नौ लाख पचहत्तर हजार मात्र) करसहित भुक्तानी दिने गरी श्री के.ए.एस. एसोसिएटस् चार्टर्ड एकाउण्टेण्टसलाई आ.व.२०७८/७९ को लागि वाह्य लेखापरीक्षकको रूपमा नियुक्त गर्ने प्रस्ताव पारित गरियो ।

४) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७७/७८ को मुनाफा तथा संचित मुनाफा रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजीको ०.६८४२% ले हुन आउने नगद लाभांश रु १,९८,८५,९५५।१९ (अक्षरेपी एक करोड अण्ठान्नव्वे लाख पचासी हजार नौ सय पचपन्न रुपैंया र पैसा उन्नाईस मात्र।) वोनश शेयरमा लाग्ने कर प्रयोजनार्थ वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव पारित गरियो ।

**ख) बिशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७७/७८ को मुनाफा तथा संचित मुनाफा रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजीको १३% ले हुन आउने रकम रु.३७,७८,३८,९६१.४४ (अक्षरेपी सैंतीस करोड अठहत्तर लाख अड्तीस हजार नौ सय एकसठ्ठी रुपैंया र पैसा चवालीस मात्र) बराबरको वोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव पारित गरियो ।

२) विकास बैंकको जारी तथा चुक्ता पूँजी रु.२,९०,६४,५३,५४९.५५ (अक्षरेपी दुई अर्ब नव्वे करोड चौंसठ्ठी लाख त्रिपन्न हजार पाँचसय उनान्पचास रुपैंया र पैसा पचपन्न मात्र) रहेकोमा वोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु.३,२८,४२,९२,५१०.९९ (अक्षरेपी तीन अर्ब अठ्ठाईस करोड बयालीस लाख बयान्नव्वे हजार पाँच सय दश रुपैंया र पैसा उनान्सय मात्र) पुऱ्याउने प्रस्ताव पारित गरियो ।

३) वोनस शेयर जारी पछि कायम हुने जारी र चुक्ता पूँजी वमोजिम यस विकास बैंकको प्रबन्धपत्रको दफा ५ को (ख) र (ग) मा तथा दफा ७ को (ङ) साथै नियमावलीको नियम ५ मा आवश्यक संशोधन गर्ने । यस सम्बन्धमा नियमनकारी निकायहरुवाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गरियो ।

४) यस विकास बैंक अन्य कुनै बैंक तथा वित्तीय संस्थामा गाभ्ने/गाभिने वा एक्विजिसन (प्राप्ती) सम्बन्धी उपयुक्त प्रस्ताव आएमा सो कार्यका लागि समझदारीपत्रमा हस्ताक्षर गर्न, सम्पत्ति दायित्व तथा कारोबारको मूल्याङ्कनकर्ता नियुक्त गर्न तथा निजको पारिश्रमिक निर्धारण गर्ने लगायत अन्य सम्पुर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियो ।

ग) **विविध:** विविध अर्न्तगत कुनै प्रस्ताव नभएको ।

११. **निर्णय पुस्तिकामा हस्ताक्षर :**

यस चौधौं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार वार्षिक साधारण सभाका सभापति एवं सञ्चालक समितिका अध्यक्ष र कम्पनी सचिवले संयुक्त रुपमा दस्तखत गर्ने निर्णय गरियो ।

## १२. धन्यवाद ज्ञापन

अध्यक्षज्यूबाट सभामा छलफलका लागि तोकिएका विषय सूचीमा उल्लेख भएका सबै विषयहरुमा छलफल गरी निर्णय लिई सकिएकोले यस चौधौं वार्षिक साधारण सभा सौहार्द्रपूर्ण वातावरणमा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरु, अतिथिज्यूहरु तथा उपस्थित सम्पुर्ण महानुभावहरु, कानूनी सल्लाहकारहरु, पत्रकार मित्रहरु, बैंकको शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लि., बैंकका कर्मचारीहरु, शुभचिन्तकहरु तथा प्रत्यक्ष परोक्ष रुपमा अमुल्य सहयोग गर्नुहुने सवैलाई अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

## १३. सभा विसर्जन

आजको यस चौधौं बार्षिक साधारण सभामा छलफलको लागि प्रस्तुत साधारण तथा बिशेष प्रस्ताव सहितका विषय-सूची अर्न्तगतका सबै प्रस्तावहरु पारित भएको व्यहोरा जानकारी गराएपछि लुम्बिनी विकास बैंक लि. सञ्चालक समितिका अध्यक्ष तथा चौधौं वार्षिक साधारण सभाका सभापति श्री दशरथ रिसालज्यूले साधारण सभावाट पारित निर्णयहरु कार्यान्वयनको लागि व्यवस्थापनलाई निर्देशन दिनुहुँदै सभा समापन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| .................... | .................... |
| हरिकृष्ण सुवेदी | दशरथ रिसाल |
| कम्पनी सचिव | अध्यक्ष |
| | सञ्चालक समिति |

मितिः २०७८/९/९